# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, असार ३१ गते २०५१ साल (अतिरिक्ताङ्क १७

## भाग ३

श्री ५ को सरकार

### सूचना तथा संचार मन्त्रालयको सूचना

श्री ५ को सरकारले चलचित्र (निर्माण, प्रदर्शन तथा बितरण) नियमावली, २०४६ को नियम १४ ले दिएको अधिकार प्रयोग गरी चलचित्र घरहरूमा साबिक प्रवेश शुल्कको दरलाई न्यूनतम दर मानी मिति २०५१।४।१ देखि लागू हुने गरी देहायबमोजिम अधिकतम प्रवेश शुल्क दर कायम गरेको छ । साथै विद्यार्थी सहुलियत शो यथावत राखी विद्यार्थी सहुलियतमा ५० प्रतिशत छूट दिने निर्णय गरेको छ ।

**श्रेणी र टिकट दर (प्रवेश शुल्क) को फेहरिस्त**

**उपत्यका "क" स्तर साधारण प्रदर्शन**

| सि.नं. | श्रेणी | अधिकतम कायम गरेको प्रवेश शुल्क |
|---|---|---|
| १. | ड्रेससर्कल | १२।५० |
| २. | बल्कोनी | १०।– |
| ३. | स्पेशल | ८।५० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संवैधानिक परिषद्को सिफारिशमा देहायका व्यक्तिहरूलाई निर्वाचन आयोगको आयुक्त पदमा नियुक्त गरिबक्सेको छ ।

१. श्री ध्रुववर सिंह थापा
२. श्री रामचन्द्र शर्मा पौडेल
३. डा. श्री वीरेन्द्र मिश्र
४. श्री नारायणप्रसाद राजभण्डारी

हुकुम बक्से बमोजिम
रेवतीरमण खनाल,
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

504

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार